'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : ११७ सोमवार ०८ पुष, २०८१ 23 (Monday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

भारतले नियतबस अतिक्रमण गरेको स्थानीयको दाबी

महाकालीको धार परिवर्तन गर्दै गरेको भारतीय जेसिबी नियन्त्रणमा

नमस्ते समचारदाता

दार्चुला, पुष/०७

दार्चुलामा नेपाल-भारत सीमा छुट्याउने महाकाली नदी पार गरेर अनुमति बिना भारतीय जेसिबी नेपालतर्फ आएको छ । महाकाली नदी पार गरेर भारतीय जेसिबी नेपालको दार्चुला सदरमुकाम खलङ्गामा आएपछि जेसिबी मेसिन र चालकलाई स्थानीयले पक्राउ गरेका छन् । दार्चुलाबासीको व्यापक विरोध हुँदाहुँदै पनि भारतीय पक्षले नदीको धार नेपालतर्फ धकेलिने गरी आफूखुसी तटबन्ध निर्माण गरिरहेको छ । नदीको धार नेपालतर्फ फर्काउने क्रममै भारतीय जेसिबी नदी पार गरेर नेपालतर्फ आएको भन्दै स्थानीयले आइतबार स्काइभेटर मेसिन र चालक (अपरेटर) लाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका छन् । नेपालतर्फको तटबन्ध निर्माणको काममा अवरोध गर्दै आएको भारतले पारीपट्टी तटबन्ध बनाउन नेपाली सीमामै पुगेर निर्माण सामाग्री लैजाने र नदीको धार नेपालतर्फ फर्काउने काम गर्दै आएको छ । भारतीय पक्षले नेपाली प्रशासनसँग समन्वय नगरेरै नेपाली भूमिमा समेत स्काइभेटर चलाउन थालेपछि स्थानीय आक्रोशित भएका हुन् । अन्तर्राष्ट्रिय सन्धि-सम्झौता अनुसार सीमा नदीको बहावलाई असर पर्ने गरी कुनै पनि मुलुकले एकअर्काको सहमतिबिना भौतिक संरचना निर्माण गर्न पाउँदैन । तर भारतले अन्तर्राष्ट्रिय कानुन र आपसी सहमतिबेगर महाकालीको बहाव नेपालतर्फ फर्कने गरी विगतदेखि नै तटबन्ध बनाइरहेको भन्दै स्थानीय विरोधमा उत्रिएका हुन् । भारतीय पक्षले नेपाली सीमामा दादागिरी गर्दै आएको स्थानीय महेश भट्टले बताए । केही दिन पहिले पनि भारतीयले नेपालीहरुलाई ढुगां हानेको स्थानीयको आरोप छ । गत वर्षपनि भारतले नेपालतर्फ नदीको धार फर्किने गरी खलंगास्थित नदी किनारमा तटबन्ध निर्माणको काम गरेको थियो । नेपालतर्फबाट स्थानीयले पटकपटक भारतीय दादागिरीको विरोध गरेपनि सरकारी पक्षको उदासिनताका कारण भारतीय पक्षले धमाधम काम गर्दै आएको छ । हिउँदमा महाकाली नदीमा पानीको सहत घटेको मौका छोप्दै नेपालतर्फ पानीको धार फर्काएर भारतीय पक्षले पारिपट्टि नेपालको भन्दा ठूलो तटबन्ध बनाउने गरेको स्थानीय कृष्ण धामी बताउँछन् । नेपालले यसअघि महाकाली नदी किनारको धेरै भाग छोडेर संरचना निर्माण गरेको थियो । स्थानीय सुन्दर धामीले भने, 'हामीले महाकाली नदीको धेरै भाग छोडेर नेपालतर्फकै भूमिमा तटबन्ध गरेका थियौं । तर भारतले भने महाकाली नदीको सीमाना मिचेर तटबन्ध निर्माण गरिरहेको छ ।' २०७० सालमा बाढी आउनुअघि नेपालकै भूमि रहेको क्षेत्रमा अहिले भारतले कब्जा जमाएको धामीले बताए । दार्चुलाबासीले महाकाली नदीको धारसमेत परिवर्तन गरी नेपालतर्फको खलंगा बजारलाई क्षति पुग्ने गरी भारतले तटबन्ध निर्माण गरिरहेको भन्दै सो कार्य बन्द गराउन विगतदेखि नै जिल्ला प्रशासनसँग माग गर्दै आएका छन् । आइतबार पक्राउ परेको जेसिबी चालकलाई समेत कार्वाहीको माग गरिएको छ ।

बाँकी ३ पेजमा...

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा १ अर्ब ५१ करोड बिगो माग दाबी

नमस्ते समचारदाता

पोखरा, पुष/०७

कास्कीको सूर्यदर्शन सहकारीको बचत हिनामिना प्रकरणको पूरक अनुसन्धान पछि आइतबार मुद्दा दायर भएको छ । जिल्ला सरकारी वकिलको कार्यालयले कास्की जिल्ला अदालतमा रु १ अर्ब ५१ करोड ४० लाख १९ हजार १ सय ९४ रुपैयाँ तीन पैसा बिगो कायम गरेर मुद्दा दायर गरेको हो । सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले मूल अभियोग पत्रमा अभियोजन गरिएका प्रतिवादीहरू १९ जना तथा पूरक अभियोजन पत्रमा उल्लेखित प्रतिवादीहरू छविलाल जोशी, लिला पछाई, रवि लामिछाने समेतका सम्पूर्ण प्रतिवादीहरू समेतबाट असुल उपर गर्ने गरी सो बराबरको बिगो कायम गरेर मुद्दा दर्ता गरिएको जानकारी दिइन् । शर्माका अनुसार हिनामिना एवं अपचलन भएको बिगो मध्ये मूल अभियोग पत्रमा खुलाइएको १०३५ जना बचत कर्ताहरूको जम्मा बिगो रु १ अरब ११ करोड ३४ लाख ४३ हजार ४५ रुपैयाँ सत्र पैसा रहेको छ । जस अनुसार सहकारी ऐन, २०७४ को दफा १२४ को उपदफा (१) को देहाय (घ) बमोजिम पीडित जाहेरवालाहरूलाई दिलाई भराई बाँकी बिगो सूर्यदर्शन बचत तथा ऋण सहरकारी संस्था लिमिटेडमा भराइदिन अभियोग पत्रमा माग गरिएको छ । यस्तै थप अभियोग दाबीमा उल्लिखित जम्मा १२१ जना खुलाइएका बचतकर्ताहरूको हुने थप बिगो रकम रु ३ करोड ३३ लाख ९५ हजार ३ सय उनन्चास रुपैयाँ सत्र पैसा रहेको छ । लामिछानेसहित पूर्वडीआईजी छविलाल जोशी, लिला पछाई, रामबहादुर खनाल र कृष्ण बहादुर गुरूङविरूद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको हो ।

रविलाई रु २७ करोड ८९ लाख सम्पत्ती शुद्धीकरणको मुद्दा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्व गृहमन्त्री रवि लामिछाने विरुद्ध २७ करोड ८९ लाख ४४ हजार ७०५ रुपैयाँ बिगो माग दाबी सहित मुद्दा दायर भएको छ । उनी विरुद्ध फरक फरक तीन कसुरमा मुद्दा दायर भएको छ । जसमा सम्पत्ति सुद्धीकरणमा मात्र उल्लेखित सकमको बिगो माग दाबी सहित कास्की जिल्ला अदालतमा मुद्दा दायर भएको सहायक जिल्ला महान्यायाधिवक्ता शान्तिदेवी शर्माले जानकारी दिइन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्ान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
☎ कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com ☎ 9847246903

प्याबसन बाँकेको नेतृत्वमा बज्राचार्य

नमस्ते समचारदाता

बाँके, पुष/०७

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) बाँकेको अध्यक्षमा विकास बज्राचार्य निर्वाचित भएका छन् । बज्राचार्य निर्विरोध निर्वाचित भएका हुन । निर्वाचन समितिका अनुसार सबै पदका पदाधिकारी तथा सदस्यहरु निर्विरोध चयन भएका हुन । जसमा वरिष्ठ उपाध्यक्षमा शरद चन्द्र रावल, उपाध्यक्ष महेन्द्र राज शर्मा आचार्य, सचिव लक्ष्मण बहादुर सिंह, कोषाध्यक्ष प्रविण गिरी, सहसचिव गणेशमान आचार्य र सहकोषाध्यक्षमा नरेन्द्र कुमार झा निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत विकास आचार्यले जानकारी दिएका छन् । यस्तै पालिका सदस्यहरुमा विराउन शेष (वीर) (डुडुवा), ठगिराम दमाई (बैजनाथ), नवकिरण शाह (कोहलपुर), महेन्द्र बहादुर सेडाई (जानकी), गौरब गिरी (नेपालगन्ज), अब्दुल गफ्फार खाँ (खजुरा) निर्विरोध निर्वाचित भएका छन् । खुला सदस्यमा धर्म सिंह कार्की (सुभाष), ओम प्रकाश चन्द ठकुरी र राम बहादुर जिसी निर्वाचित भएका छन् । अध्यक्षमा उम्मेदवारी दिएका रावल उम्मेदवारी फिर्ता लिएर वरिष्ठ उपाध्यक्षमा बस्न सहमत भएपछि बज्राचार्य निर्विरोध अध्यक्ष चयन भएका हुन । रावल यसअघि प्याब्सन नेपालगन्ज नगर अध्यक्ष थिए ।

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

सम्पादकीय

नेपाली क्रिकेट खेलमा नयाँ अवसरको शुरुवात

नेपालमा पहिलोपटक आयोजना गरिएको नेपाल प्रिमियर लिग (एनपीएल) हिजो शनिबार सकिएको छ । मंसिर १६ गते शुरु भएको यो प्रतियोगितामा जनकपुर बोल्ट्सले उपाधि हात पारेको छ भने सुदूरपश्चिम उपविजेता बनेको छ। टिमहरुले आकर्षण देखाउन विभिन्न नाम राखे पनि खासमा यो प्रादेशिक प्रतिस्पर्धा थियो । बागमती प्रदेशले दुई टिम अघि सारेको थियो भने बाँकी छ प्रदेशले एक–एक टिम अघि बढाएका थिए। एक करोड दश लाख पुरस्कार राशी, उत्कृष्ट खेलाडीलाई कार उपहार जस्ता अवसर सिर्जना गर्न मात्र होइन, अन्तर्राष्ट्रिय स्तरका ख्यातिप्राप्त खेलाडी अनुबन्ध गराएर खेलाइएको एनपीएल नेपालमा नयाँ शुरुवात हो । यो शुरुवात मात्र होइन, नयाँ प्रयोग पनि हो, जसले आगामी दिनमा अन्तर्राष्ट्रिय खेल नेपालमै आयोजना गर्न सम्भव छ भन्ने आधार तयार गरेको छ। अन्तर्राष्ट्रिय स्तरका ख्यातिप्राप्त खेलाडी समेतको सहभागितामा नेपाली खेलाडीहरुले प्रतिस्पर्धा गर्ने र त्यसमा अझ कतिपय नयाँ प्रतिभाको खोजी गर्ने सवालमा पनि यो एनपीएललाई सफल मान्न सकिन्छ । उदाहरण नै दिने हो भने पनि कर्णालीका बिपिनप्रसाद शर्मा जस्ता खेलाडीको पहिचान हुनु महत्वपूर्ण छ। १६ वर्षे शर्माले खेल अवधिभर आफूलाई अन्तर्राष्ट्रिय खेलाडीसँगको खेलमा अब्बल मात्र देखाएनन्, सिंगो प्रतियोगिताकै ‘इमर्जिङ प्लेयर’को उपाधि हात पारे । अब उनलाई राष्ट्रिय खेलाडी बन्नबाट कसैले रोक्न सक्दैन । जसले आफूलाई क्रिकेट क्षेत्रमा समर्पित गर्न चाहन्छन्, उनीहरुले यसबाट धेरै सिक्न पाएका छन् । यस्ता अन्तर्राष्ट्रिय स्तरका प्रतिस्पर्धाहरु बढाएर नै नेपाललाई खेल क्षेत्रमा अघि बढाउन सकिन्छ । एनपिएलले निजी क्षेत्रलाई राम्रोसँग जोडेको छ । खेल आयोजना गर्न मात्रै एक अर्ब बढी खर्च भएको छ। खासगरी निजी क्षेत्रले बजार प्रवर्द्धनकै रुपमा खेल क्षेत्रमा ठूलो लगानी गरेको छ। निजी क्षेत्रकै लगानीमा आठवटा क्लवका खेलाडीका लागि मात्रै १६ करोड ८८ लाख खर्च गरिएको छ । निजी क्षेत्रले खेलकूदमा लगानी गर्नु आफैमा खेल क्षेत्रको ब्यावसायिक विकासको महत्वपूर्ण शुरुवात हो।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

चुँडियो राजनीतिको दुर्लभ फूल

डा. शोभाकर पराजुली

राजनीतिमा आफ्ना इच्छा, आकाङ्क्षा र महत्वाकाङ्क्षालाई एउटा आदर्श र सिद्धान्तका लागि जीवनभरि त्याग्न सक्ने व्यक्ति बिरलै हुन्छन् । पिएल हाम्रो राजनीतिक फूलबारीमा फुलेको एउटा त्यस्तै दुर्लभ फूल हो । जसको सुगन्धले हाम्रो कैयौं पुस्तासमेत सुगन्धित हुने छ । यस्ता ऐतिहासिक व्यक्ति अनि व्यक्तित्वको योगदानलाई हामीले त्यो पुस्तामाझ पनि परिचित गराउनुपर्ने अभिभारा छ ।

डा. शोभाकर पराजुली



कैयौं विरोधाभाषको एउटा अद्भुत सङ्गम हो मान्छेको जीवन। पिएल सिंह अर्थात् प्रेमलाल सिंह त्यस्तै जीवन बाँच्ने एक हक्की राजनीतिज्ञ हुनुहुन्थ्यो। जीवनका कैयौं विरोधाभाषलाई उहाँले आफ्नो जीवनको आदर्श अनि सिद्धान्तका रूपमा अपनाउनुभयो। जब मनलाई वशमा लिन सकिन्छ अनि त्यो जीवनको असल मित्र हुन्छ, त्यसलाई वशमा राख्न सकिएन भने जीवनको सबैभन्दा ठुलो शत्रु त्यही मन भइदिन्छ । राष्ट्र, प्रजातन्त्र र जनताका लागि पिएल सिंहले जीवनलाई त्यही सिद्धान्तमा समर्पण गर्नुभएको थियो । आफ्नो सक्रिय जीवन राष्ट्र, राजनीति र प्रजातन्त्रका लागि समर्पण गरेका पिएल सिंह ८८ वर्षपछि अब हामीमाझ रहनुभएन । काठमाडौं नगरको पहिलो जननिर्वाचित मेयरका रूपमा आफ्नो पहिचान बनाउनुभएका उहाँको योगदान त्यत्तिमा मात्रै भने सीमित छैन। २०४६ सालको जनआन्दोलन र त्यसपछिको परिवर्तनपछि आधुनिकताले ढाक्दै गएको देशको राजधानी सहर काठमाडौंमा उहाँले नेपाली कांग्रेसका तर्फबाट चुनाव लडेर जित्नुभयो। नगरपिताको हैसियतमा रहनुभयो। २०४९ सालमा पहिलो पटक स्थानीय तहमा निर्वाचन भएको थियो । पिएल सिंह काठमाडौं नगरपालिकाको पहिलो जननिर्वाचित प्रमुख हुनुभएको थियो । त्यो बेला काठमाडौंलाई नगरबाट महानगरको यात्रामा डोऱ्याउनका लागि उहाँले विभिन्न अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्नुभयो। यस कारण उहाँलाई काठमाडौं महानगरका जन्मदाताका रूपमा लिइन्छ। अरूले जुनसुकै परिचय दिए पनि उहाँले आफूलाई भने आफ्नो छोटकरी नाम अर्थात् ‘पिएल’ लाई ‘पिपुल लभ सर्भिस’ का रूपमा परिभाषित गर्नुहुन्थ्यो। २०४९ सालदेखि २०५४ सम्म काठमाडौंको मेयर रहनुभएका उहाँले त्यो बेला काठमाडौंलाई अन्तर्राष्ट्रिय मञ्चमा पनि परिचित गराउन ठुलो भूमिका खेल्नुभएको थियो। विश्वका धेरै चर्चित र आधुनिक नगर महानगरसँग काठमाडौंको दौत्य साइनो पिएल सिंहले स्थापित गर्नुभएको थियो । स्थानीय सरकारमा कार्यकाल सकिएपछि २०५६ सालमा उहाँले काठमाडौंबाट चुनाव जित्नुभयो । २०५८ सालमा शेरबहादुर देउवाको नेतृत्वको सरकारमा पिएल सिंह जनसंख्या तथा वातावरणमन्त्री बन्नुभएको थियो । त्यसपछि भने उहाँ सक्रिय राजनीतिमा आउनुभएन । विसं १९९३ मा काठमाडौंमा जन्मिनुभएका पिएल सामाजिक सेवामा कलिलै उमेरदेखि जोडिनुभयो। क्याम्पस जीवनमा विद्यार्थी राजनीतिमा उहाँले निकै चर्चा कमाउनुभएको थियो । २०१५ सालको आमचुनावपछि बिपी कोइराला प्रधानमन्त्री हुँदा पिएलले कोइरालालाई भेट्नुभएको थियो। त्यसअघि र पछिको लगभग पूरै जीवन उहाँले गणेशमान सिंहकै छत्रछायामा बिताउनुभयो। २००७ सालको क्रान्तिदेखि नै उहाँ गणेशमान सिंहकै वरिपरि रहनुभयो । गणेशमान र मङ्गलादेवीको परिवारले उहाँलाई आफ्नै सन्तान बराबरीको हैसियत दिएर हुर्काउनुभएको थियो । औपचारिक शिक्षा मात्रै होइन राजनीतिक दीक्षा पनि पिएलले त्यही सिंह परिवारबाटै पाउनुभयो। त्यसैले कतिपयले पिएललाई गणेशमान परिवारको ‘राजनीतिक सन्तान’ का रूपमा चिन्छन्। नेपाली राजनीतिक इतिहासमा यो सिंह परिवारको योगदान चाहेर पनि कहिल्यै भुल्न सकिँदैन । अर्थात् राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रका लागि सारा निजी जीवन समर्पण गर्नुभएका लौहपुरुष गणेशमान सिंह अर्थात् लौहपुरुषको नाम नभएका इतिहासका ती पाना सधैँ अपूरा हुन्छन्। इतिहासको त्यस्तो विराट परिवारसँग गाँसिनुभएका पिएल पनि नेपाली राजनीतिमा उत्तिकै हक्की भएर निस्किनुभयो । जसरी प्रजातन्त्रको लडाइँमा गणेशमानले आफ्ना आदर्श र सिद्धान्तलाई ‘लोहा’ को रूप दिनुभएको थियो । प्रजातन्त्रका लागि सारा निजी जीवन अर्पिनुभएका गणेशमान सिंहको सहयोगी मात्रै होइन उहाँको परिवारका रक्षकका रूपमा पनि पिएलले आफूलाई उभ्याउनुभएको थियो । प्रजातन्त्रको लडाइँमा गणेशमान कैयौँपल्ट जेल पर्नुभयो । त्यो बेला गणेशमानको परिवारको सारा जिम्मेवारी पिएलले नै समाल्नुभयो । २०१७ सालमा राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्त गरी शासनसत्ता हातमा लिनुभएको थियो। पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालासहित कैयौं नेता त्यो बेला जेल पर्नुभयो । गणेशमानलाई पनि त्यो बेला बिपीहरूसँगै सुन्दरीजल जेलमा राखिएको थियो । पिएल सिंह त्यो बेला युरोपमा एउटा समाजवादीको भेलामा सहभागी हुनुहुन्थ्यो। उहाँले नेपालका विद्यार्थीको प्रतिनिधित्व गरेर त्यो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिनुभएको थियो। उहाँ फर्किंदा देशको राजनीति उलटपलट भइसकेको थियो । युरोपबाट फर्केपछि चाक्सीबारीमा रहेका गणेशमानको परिवारलाई पिएलले समाल्नुभयो । गणेशमानका छोरा प्रकाशमान सिंह त्यो बालखै हुनुहुन्थ्यो । त्यति मात्रै होइन गणेशमान जेल परेपछि भाडाको घरमा बस्दै आएको उहाँको परिवार घरबाट समेत निकालिनुभयो। त्यो भीषण परिस्थितिमा पनि उहाँले गणेशमानको परिवारलाई समाल्नुभएको थियो । देशमा प्रजातन्त्र र जनताका अधिकार स्थापना गर्ने गणेशमानको लक्ष्यलाई नै पिएलले आफ्नो सारा जीवनको लक्ष्य बनाउनुभएको थियो। यस अर्थमा भन्न सकिन्छ, उहाँले आफ्नो निजी जीवनका सारा आकाङ्क्षाले गणेशमानकै लक्ष्यका निम्ति समर्पित गर्नुभएको थियो। पिएल आजीवन अविवाहित रहनुभयो। कहिल्यै आफ्नो महत्वाकाङ्क्षालाई लक्ष्यसँग साट्नुभएन र आफ्नो आदर्श अनि सिद्धान्त विपरीत कहिल्यै सम्झौता गर्नुभएन। उहाँले कैयौं विरोधाभाषपूर्ण जीवन बाँच्नुभयो । आफ्ना इच्छा र आकाङ्क्षालाई मारेर उहाँले प्रजातन्त्रको लक्ष्य पछ्याइरहनुभयो । प्रजातन्त्रका लागि लडिरहेका नेतालाई आफ्नो आदर्श मानेर त्यही लक्ष्य पछ्याउन उहाँ जीवनभरि त्यही आदर्शका पछि दौडिनुभयो । त्यस्तै एउटा विरोधाभाष २०६३ पछि पनि दोहोरियो । यद्यपि त्यो बेला राजनीतिक मैदानमा उहाँ सक्रिय हुनुहुन्थ्यो । नेपाली कांग्रेसले आदर्श नेताका रूपमा स्थापित गरेका व्यक्तिमध्येमा उहाँ पनि एक हुनुहुन्थ्यो। २०६१ साल माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले फेरि एक पटक आफ्नो पितापथलाई ब्युँताउने मूर्ख्याइँ गर्नुभयो। राजनीतिक दल र राजनीतिक अधिकार कटौती गरेर सत्ताको चाबी आफ्नै हातमा लिएर फेरि त्यही हत्कण्डा सुरु भएको थियो। यसपालि भने देश र राजनीतिक परिस्थिति निकै फरक धरातलमा थियो । नागरिकमा राजनीतिक चेतना बढिसकेको थियो । माओवादीले राज्यविरुद्ध ‘निर्णायक लडाइँ’ सुरु गरिसकेको थियो । यता संसदीय राजनीतिक दलहरूले गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सडक आन्दोलन गरिरहेका थिए । बिस्तारै त्यसले नागरिक आन्दोलनको रूप लियो र त्यसलाई जनआन्दोलनको दोस्रो ‘इनिङ’ का रूपमा लिइन्छ। यही जनआन्दोलन-२ ले २०६३ वैशाखमा संसद् पुनर्स्थापना भयो। ज्ञानेन्द्रले खोसेका सारा अधिकार फिर्ता भए । यो आन्दोलनका सर्वोच्च कमाण्डर गिरिजाप्रसादको पहिलो लक्ष्य संसद् पुनर्स्थापना नै थियो। आन्दोलनको वेग त्यत्तिमा मात्रै थामिएन । त्यसले सदियौँको विरासत बोकेको राजसंस्थालाई नै इतिहास बनाइदियो। देशमा राजतन्त्रको अन्त्य भयो अनि गणतन्त्र स्थापना भयो। नेता कृष्णप्रसाद भट्टराई अनि पिएल सिंहहरूलाई यो हदसम्मको परिवर्तन खासै मन परिरहेको थिएन। पार्टीको आस्थागत हिसाबले पनि उहाँहरूले यसलाई स्वीकार्न सक्नुभएन र पार्टी राजनीतिबाट अलि पर रहनुभयो । उहाँहरूले आफू निकटलाई ‘राजाले निगाहामा दिएको संसद्मा जननिर्वाचित सांसदहरू फर्किनुहुन्न’ भन्ने तर्क राख्नहुन्थ्यो । यद्यपि त्यो बेलासम्म देशीय राजनीतिक परिस्थिति धेरै टाढा पुगिसकेको थियो । तथापि भट्टराई पनि संसद्मा फर्किनुभएन । पिएल पनि उहाँकै अडानको समर्थनमा रहनुभयो । उहाँहरू २०४७ सालकै संविधानलाई निरन्तरता दिनु पर्छ र राजसंस्था पनि हटाउनुहुन्न भन्ने मान्यतामा अडिग हुनुहुन्थ्यो । नेपाली कांग्रेसले उहाँहरूलाई सधैँ आफ्ना आदर्श नेताका रूपमा मानिरहेको छ, अपनाइरहने छ। उदार लोकतन्त्रलाई आफ्नो आदर्श अपनाएको एउटा राजनीतिक पार्टीले फरक विचार र धारणालाई कहिल्यै अस्वीकार गर्दैन । तथापि कांग्रेसका लागि उहाँहरू सधैँ राजनीतिक आदर्शका त्यस्ता पात्र हुनुहुन्छ, जसको अपनत्वबिना पार्टीको राजनीतिक विरासत अनि इतिहास दुवै अपूरा र सधैँ अधुरा रहने छन्। मान्छेको जीवन सधैँ एकनाश रहन्न। हामीले बाँचेको जति पनि समय मात्रै मृत्युको पर्खाइ न हो । यही नै जीवनको अन्तिम सत्य हो । शाश्वत सत्य नै यही हो जीवनको । सक्रिय राजनीतिक जीवनपछि लामो धर्ती छोडिसक्नुभएको छ। राजनीतिमा आफ्ना इच्छा, आकाङ्क्षा र महत्वाकाङ्क्षालाई एउटा आदर्श र सिद्धान्तका लागि जीवनभरि त्याग्न सक्ने व्यक्ति बिरलै हुन्छन्। पिएल हाम्रो राजनीतिक फूलबारीमा फुलेको एउटा त्यस्तै दुर्लभ फूल हो। जसको सुगन्धले हाम्रो कैयौं पुस्तासमेत सुगन्धित हुने छ । यस्ता ऐतिहासिक व्यक्ति अनि व्यक्तित्वको योगदानलाई हामीले त्यो पुस्तामाझ पनि परिचित गराउनुपर्ने अभिभारा छ । इतिहासको यस्तै सुगन्धले नयाँ पुस्तालाई राजनीतिमा गाँस्न पनि सकिन्छ । पिएलप्रति हार्दिक श्रद्धासुमन!

–गोरखापत्र

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

सीमा क्षेत्रमा २८८ जनाको निःशुल्क स्वास्थ्य परीक्षण

नमस्ते समचारदाता

बाँके, पुष/०७

'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' अन्तर्गत बाँकेमा सशस्त्र प्रहरीले निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेर २८८ जना सीमावासीको स्वास्थ्य परीक्षणसँगै औषधी वितरण गरेको छ। शिविरमा १५२ महिला र १३६ जना पुरुषको उपचार गरिएको थियो । सशस्त्र प्रहरी बल नेपाल नम्बर ३० गण हेडक्वाटर बागेश्वरी बाँकेले डुडुवा गाउँपालिकाको समन्वय तथा मध्यपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल अस्पताल बाँकेको सहकार्यमा सीमाना नजिकको खडैचा पिप्रहवामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो। सो शिविरमा २८८ जनाको निःशुल्क उपचार गर्नुका साथै उनीहरुलाई विभिन्न प्रकारका औषधी निःशुल्क वितरण गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३० गण हेडक्वाटर बागेश्वरी बाँकेका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक बिमल डाँगीले बताउनुभयो। सो शिविरमा मध्यपश्चिम क्षेत्रीय सशत्र प्रहरी बल अस्पताल बाँकेका चिकित्सक सशस्त्र प्रहरी निरीक्षक डा. विवेक पुन, हेल्थ असिस्टेन्ट सशस्त्र प्रहरी नायब निरीक्षक भरत थापा र डिल्ली बहादुर गिरी तथा डुडुवा गाउँपालिकाका जनस्वास्थ्य निरीक्षक रिजवान खान, हेल्थ असिस्टेन्ट पवन कैराती, शैलेन्द्र शर्मा, सिनियर अहेब प्रदिप शाह, अहेब मनोज कैराती र प्रदीप ओलीले बिरामीको चेकजाँच गर्नुभएको थियो ।

आधा किलो सुनसहित २ भारतीय पक्राऊ

नमस्ते समचारदाता

कैलाली, पुष/०७

कैलाली प्रहरीले धनगढी उपमहानगरपालिकाबाट आधा किलो अवैध सुनसहित २ जना भारतीय नागरिक पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलालीका प्रमुख प्रहरी उपरीक्षक पदम बहादुर विष्टको कमाण्डमा खटिएको प्रहरी टोलीले आइतबार बिहान ११ बजे विशेष सूचनाका आधार मा धनगढी उपमहानगरपालिका ३ ट्राफिक चौराहबाट भारतको उत्तर प्रदेश मोहला बजार २ पलियाकला खिरी बस्ने वर्ष ४४ को दीपक गुप्ता र वर्ष ३४ को सुमित वर्मालाई पक्राउ गरेको हो । गुप्ताले चलाएको भारतीय नम्बर प्लेटको कारलाई शंका लागि चेकजाँच गर्दा गाडीभित्र राखिएको ज्याकेटको खल्तीमा लुकाइ-छिपाइ राखेको जम्मा शुद्ध तौल ५४९.२०० ग्राम सुनका काटिएका टुक्रा थान २ सहित नियन्त्रणमा लिइएको हो । उनीहरुबाट ल्याप्टप १ थान, मोबाइल २ थान, नेपाली रुपैयाँ नगद ४४ हजार ८१० रुपैयाँ र भारतीय मुद्रा १ हजार २८० बरामद गरिएको प्रहरी उपरीक्षक विष्टले जानकारी दिए ।

नेपालगञ्जमा इ-रिक्सा व्यावसायीको आन्दोलन

नमस्ते समचारदाता

नेपालगन्ज, पुष/०७

सम्बन्धित निकायले आफ्ना माग सम्बोधन नगरेको भन्दै नेपालगञ्जका इ-रिक्सा व्यावसायी थप आन्दोलित भएका छन् । आफ्ना मागलाई सम्बोधन गर्न माग गर्दै उनीहरुले नेपालगञ्ज उपमहानगरपालिकाको गेटमा नारा जुलुससहित धर्ना दिएर थप आन्दोलन शुरु गरेका छन् । रिक्सा व्यावसायीलाई पार्किङका नाममा जमुनाहा नाकामा पार्किङ गरे बापत शुल्क लिएको र पटक पटक सम्बन्धित निकायमा खबरदारी गर्दा पनि आफ्ना माग सम्बोधन नभएकोले थप आन्दोलन गर्नुपरेको इ-रिक्सा संघर्ष समितिका अध्यक्ष रियाज अहमद शेखले बताए । उनीहरुले इ-रिक्सा नामसारी उपमहानगरपालिकाबाटै हुनुपर्ने लगायत ३ बुदे माग राखेर आन्दोलन थाले हुन्। नगरपालिका बाहिर सडकमै सबै इ-रिक्सा व्यवसायी बिच बाटोमै रिक्सा रोकेर आन्दोलन गरेका हुन् । आन्दोलनकारीहरुको समस्या समाधान गर्नुको साटो तानाशाही प्रबृति देखाएको भन्दै इ-रिक्सा व्यवसायी आक्रोशित बनेका छन् । तत्काल आफ्ना मागको सुनुवाइ नभएमा घरमा भएका भाडाकुडा र सपरिवार सहित आएर उपमहानगरपालिका घेराउ गर्ने इ-रिक्सा संघर्ष समितिका शेखले चेतावनी दिए ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

मानव र वन्यजन्तुबीचको द्वन्द न्यूनीकरण गर्न यूवा पहल

नमस्ते समचारदाता

बर्दिया, पुष/०७

मानव र वन्यजन्तुबीचको द्वन्द न्यूनीकरण गर्न यूवा स्तरबाटै वातावरणीय न्याय, वन्यजन्तुबाट हुने क्षतिको राहत प्राप्त गर्ने प्रकृया लगायतका विषयमा सचेतना अभियान र वकालत हुनुपर्ने एक छलफलमा सहभागी भएका यूवाहरुले बताएका छन् । बर्दियाको मधुवन नगरपालिका वडा नं. २ वरपरको क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्द बढ्दै गएको र जसका कारण समुदायका युवाहरु तथा तिनका परिवारका सदस्यहरुलाई वन्यजन्तुले आक्रमण गर्न सक्ने कुरालाई लिएर यूवाहरु चिन्तित छन् । समुदायमा बस्ने यूवाहरु घाँसदाउराका लागि जंगल जाने भएकाले उनीहरु वन्यजन्तुको जोखिम भएको सगुन युवा क्लबका सदस्य मनित कुश्मीले बताए । उनले भने, 'समुदायका यूवाहरु वन्यजन्तुको आनीबानी सँग परिचित छैनन् र उनीहरु वा उनीहरुको परिवारलाई कुनैपनि किसिमको क्षति भएमा राहत माग गर्ने प्रकृयाका बारेमा समेत जानकारी छैन ।' समुदायका लागि सञ्चार अभियान नेपाल (सीसीएन)ले शनिबार मधुवन नगरपालिका वडा नं. २ सुन्दरपुरमा आयोजना गरेको 'वातावरणीय न्याय र जवाफदेहिताका लागि क्लब चौतारी' कार्यक्रममा सहभागीहरुले मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणमा सम्बद्ध निकायले चासोका साथ काम गर्नुपर्ने बताए । कार्यक्रममा सगुन यूवा क्लबका सदस्यहरु, स्थानिय यूवा र किशोर किशोरीहरुले यूवाहरुबिच र समुदायमा सचेतनामुलक कार्यक्रमहरु गर्न सुझाव दिएका हुन । युएसएडको सहयोग र द एसिया फाउन्डेशन मुख्य कार्यान्वयन संस्था रहेको युएसएड नागरिक समाज तथा सञ्चार कार्यक्रम अन्तर्गत 'वातावरणीय न्याय र जवाफदेहिताका लागि सिमान्तकृत समुदायको सबलीकरण अभियान' को गतिविधीका रुपमा क्लब चौतारी गरिएको सीसीएनले जनाएको छ। क्लब चौतारीको सहजीकरण गर्दै विषय विज्ञ रमेश थापाले वातावरणीय न्याय, निकुञ्ज प्रभावित क्षेत्रका युवाहरुको चुनौती तथा अधिकार र मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका उपायबारे प्रस्तुती गरेका छन । उनले वन्यजन्तु प्रभावितहरुको राहत तथा क्षतिपूर्तिका लागि बनेको निर्देशिकाको व्यवस्था, प्रकृया र सुविधा लगायतका बारेमा पनि सहभागिसँग छलफल गरेका थिए। सगुन यूवा क्लबका अध्यक्ष मनिराम चौधरीले क्लब चौतारीले वातावरणीय न्याय र जवाफदेहिताका लागि सरोकारवाला निकायहरुसँगको बहसमा सहयोग पुग्ने र यूवाहबाट उनीहरुको परिवार तथा समुदायमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण अभियानको सुरुवात हुने विश्वास व्यक्त गरे । कार्यक्रममा ५३ जनाको सहभागीता रहेको थियो । यो अभियान बर्दियाको मधुवन नगरपालिकाको वडा नम्बर २ र बाँकेको राप्ती सोनारी गाउँपालिका वडा नम्बर २ मा सञ्चालित छ ।

महाकालीको...

पक्राउ परेको जेसिबी मेसिन नेपालतर्फ नै रहेको र चालकलाई नियन्त्रणमा लिएर सोधपुछ गर्ने काम भइरहेको दार्चुलाका प्रमुख जिल्ला अधिकारी यज्ञराज जोशीले जानकारी गवराएका छन् । नेपाली सीमाबाट पक्राउ परेका भारतीय स्काइभेटर चालकले प्रारम्भिक सोधपुछका क्रममा भूलबस (गल्तीले) जेसिबी नेपालतर्फ पुगेको बयान दिएको प्रजिअ जोशीले बताए । स्थानीयबासीले भने नेपाल सरकार र प्रशासनले भारतीय विस्तारवादी प्रवृत्तिका विरुद्ध कडा कदम चाल्नुपर्ने माग गरेका छन् । जेसिबी नेपालतर्फ आएर पक्राउ परेपछि घटनाबारे अनुसन्धान भइरहेको र सीमामा देखिएको समस्या समाधान गर्न छलफल भइरहेको प्रजिअ जोशीले बताएका छन् ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भिते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
[illegible]लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जिप्रका जुम्लामा स्तनपान र बालमैत्री कक्ष स्थापना

नमस्ते समचारदाता

जुम्ला, पुष/०७

जिल्ला प्रहरी कार्यालय जुम्लाले स्तनपान र बालमैत्री कक्ष स्थापना गरेको छ । प्रहरी कार्यालयमा सेवा लिन आउने महिला र बालबालिकाका लागि जिल्ला प्रहरी कार्यालय जुम्लाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र (महिला सेल) मा स्तनपान र बालमैत्री कक्ष स्थापना गरको हो । स्तनपान कक्षको चन्दननाथ नगरपालिकाका उपप्रमुख रामदेवी खड्काले एक कार्यक्रमका बिचमा उद्धाटन गर्नुभएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक छेदिलाल कामतिका अनुसार प्रहरी कार्यालयले बालवालिकाका आवश्यक खेलाउन बालमैत्री कक्ष स्थापना आमाहरुले स्तनपान गर्न सजिलो हुने उद्देश्यका साथ स्तनपान कक्ष र वालमैत्री कक्ष स्थापना गरिएको हो । कार्यालय समयमा आमाहरुलाई दुधखुवाउन समेत कठिन भएकाले समय मिलाएर स्तनपान कक्षको प्रयोग गर्न सकिने महिला सिलको भनाइ छ । महिला सेलमा यस आर्थिक वर्षमा ४३ वटा महिला हिंसाका र पाँच वटा बालवालिकालाई हिंसा भएको घटना दर्ता भएका छन् । प्रहरी नायव उपरिक्षक कामतिले भन्नुभयो, 'स्तनपान कक्ष, बालनिगरानी कक्ष र बालमैत्री कक्षको स्थापना भइसकेको छ । स्तनपान कक्ष उद्धाटन कार्यक्रममा चन्दननाथ नगरपालिकाका उपमेयर रामदेवी खड्काले नगरपालिकाले स्तनपान कक्ष स्तनपान कक्ष स्थापना गरेर नमुना काम गरेकाले चन्दननाथ नगरपालिकाले समेत स्थापन गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँका अनुसार 'हामीसँग जोडिएका महिला र बालवालिकाका मुद्दाहरुलाई प्रभावकारी रुपमा कार्यान्वय गर्नका लागि तयार रहेको बताउँदै बढ्दै गरेका महिला हिंसा न्यूनीकरणका लागी लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियानमा मात्रै नभइ सधैभरी लागी पर्नेमा जोड दिनुभयो । जुम्लाको तिला गाउँपालिका उपाध्यक्ष गोरीकला बढाले महिला र बालबालिकाका क्षेत्रमा भने अनुसार काम गर्न नसकिएको बताउनुभयो । उहाँले सबै तहका उपाध्यक्ष तथा महिला सेलको सहकार्यमा समन्वय गरेर काम गर्न समिनेमा जोड दिनुभयो । उपाध्यक्ष बुढाले आगामी दिनमा महिला र बालवालिकाका क्षेत्रमा थप शशक्त योजना बनाई कार्यक्रम जोड दिइने बताउनुभयो । महिला जागरण डटकमका अध्यक्ष दिलमाया शाहीले धेरै महिला तथा बालिकाहरु हिंसा पीडित, बलत्कृत भएर न्याय माग्न आउने गरेकाले यसमा स्थानीय सरकार तथा सरोकारवाला निकाय सचेत भएर अगाडि बढ्न आवश्यक रहेको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ऐन २०७५'मा सरकारी, गैरसरकारी, निजी सङ्घ संस्थाले आ-आफ्ना कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दुध चुसाउन छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ । यसअघि केही वर्ष अगाडि जिल्ला प्रशासन कार्यालय जुम्लामा तत्कालिन प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेको समयमा जिल्ला प्रशासन कार्यालयमा स्तनपान कक्ष निर्माण गरिएको थियो ।

प्रदेशलाई लुम्बिनी सर्किटमा जोड्ने प्रतिबद्धता

नमस्ते समचारदाता

बुटवल, पुष/०७

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पर्यटन क्षेत्रको विकासका लागि बुद्ध सर्किट र लुम्बिनी सर्किटको विकास गरिने बताउनुभएको छ । रुपन्देहीको देवदहमा गौतम बुद्ध राष्ट्रिय उद्यान पार्क महोत्सवको शनिबार उद्धाटन गर्दै मुख्यमन्त्री आचार्यले रुपन्देही, कपिलवस्तु र पश्चिम नवलपरासीलाई बौद्ध सर्किटमा जोड्ने र सिङ्गो प्रदेशका १२ जिल्लालाई लुम्बिनी सर्किटमा जोड्ने गरी सरकारले अवधारणा अघि सारेको बताउनुभयो । प्रदेश सरकारले बृहत् लुम्बिनी पर्यटन सर्किटको अवधारणालाई समेत प्राथमिकतामा राखेको छ । तीन जिल्लालाई बौद्ध सर्किट र सिङ्गो प्रदेशलाई लुम्बिनी सर्किटका आधारमा विकास गरिने मुख्यमन्त्री आचार्यले बताउनुभयो । "प्रदेश सरकारले बौद्ध सर्किटको गुरुयोजना बनाउँछ । तिलौराकोटदेखि नवलपरासीको रामग्रामसम्मका सम्पदालाई जोड्ने गरी पर्यटन पूर्वाधार निर्माण गरिन्छ," उहाँले भन्नुभयो, "लुम्बिनी आउने पर्यटकलाई एकअर्कासँग जोड्ने गरी यो अवधारणा हामीले अघि सारेका हौँ । बृहत् रूपमा लुम्बिनी सर्किटको अवधारणा छ ।" पर्यटकीय स्थललाई नवीनतम रूपमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने गरी अघि बढाउन आवश्यक रहेको भनाइ उहाँको छ । पार्कहरूमा सिमेन्टबाट बन्ने संरचनालाई निरुत्साहित गर्दै स्थानीय काठ तथा सामग्रीको प्रयोग गरेर कलात्मक आकृति तथा पर्यटन पूर्वाधार निर्माण गरिनुपर्ने उहाँले बताउनुभयो । "यहाँको पार्कमा जुन कलात्मक सिर्जना देखियो । अन्य पार्कमा पनि यहाँको सिकाइ हस्तान्तरण गर्न जरुरी छ । हाम्रा पार्कहरूमा कङ्क्रिट मोह बढ्दै गएको छ । त्यसलाई निरुत्साहित गर्न जरुरी छ," मुख्यमन्त्री आचार्यले भन्नुभयो, "काठ र स्थानीय सामग्रीको प्रयोग गरेर आकृति बनाउन जरुरी छ । यसमा प्रदेश सरकारले पनि पहल लिन्छ ।" बर्दियामा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न 'घुम्न जाउँ बर्दिया' अभियान सञ्चालन गरेको बताउँदै अब देवदहमा पनि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न प्रचारप्रसार अभियानलाई तीव्र पार्न उहाँले आह्वान गर्नुभयो । "देवदहमा पनि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न जरुरी छ," उहाँले भन्नुभयो, "यसका लागि समुदायको सक्रियता, तपाईंहरूको सक्रियता बढ्न जरुरी छ ।" बुद्ध सामुदायिक वन उपभोक्ता समूहले वन, वातावरण तथा जैविक विविधता संरक्षणका साथै पर्यटन प्रवर्धन गर्ने उद्देश्यले काठबाट विभिन्न आकृति निर्माण गरेर प्रदर्शनीमा राखेको छ । ४९ हजार ७५२ हेक्टर क्षेत्रफलमा फैलिएको सामुदायिक वन २०५६ सालमा स्थापना भएको थियो । २०६९ सालमा कार्ययोजना स्वीकृत भएर अघि बढेको सामुदायिक वनमा अहिले चार हजार ९९३ उपभोक्ता प्रत्यक्ष जोडिएका छन् ।

हिंसापीडितलाई उपचार सेवा

नमस्ते समचारदाता

सुर्खेत, पुष/०७

कर्णाली प्रदेश अस्पतालबाट तीन वर्षको अवधिमा करिब तीन हजार हिंसापीडितलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी) बाट उपचार सेवा दिइएको छ । विभिन्न हिंसामा परी उपचार सेवा लिने क्रममा अस्पताल आउँदा ओसिएमसीबाट आर्थिक वर्ष २०७८ देखि २०८१ सम्म गरी दुई हजार ९३९ जना हिंसापीडितले उपचार सेवा पाएका हुन् । महिला कानुन र विकास मञ्चले सुर्खेतमा आयोजना गरेको एक कार्यक्रममा कर्णाली प्रदेश अस्पतालका ओसिएमसी फोकल पर्सन कल्पना थापाले बर्सेनि ओसिएमसीबाट सेवा लिने हिंसापीडितको संख्या बढ्दै गएको बताउनुभयो । उहाँले आव २०७८/७९ मा ६२४ जना, आव २०७९/८० मा एक हजार १४ जना र आव २०८०/८१ मा एक हजार ३०१ जना हिंसापीडितले उपचार सेवा लिएको जानकारी दिनुभयो । यो तीन वर्षको अवधिमा हिंसा भोग्ने उमेर समूह सबैभन्दा धेरै १९ देखि ४९ वर्षको रहेको छ । यही हिंसा भोग्ने नै ओसिएमसीमा उपचार सेवा लिन आउने गरेका छन् । यो उमेर समूहपछि १५ वर्षदेखि १८ वर्षभित्रको हिंसा भोग्ने गरेको पाइएको थापाले बताउनुभयो । सबैभन्दा धेरै घरेलु हिंसा हुने गरेको छ । घरेलु हिंसापछि मानसिक तनाव, बलात्कार, सेवा सुविधा तथा अधिकारबाट वञ्चित र यौनजन्य हिंसा भोगेका र बहुविवाहका पीडित पनि ओसिएमसीमा आउने गरेका छन् । शारीरिक परीक्षण, मेडिको लिगल, एचआइभी परीक्षण, गर्भवती परीक्षण, आकस्मिक गर्भनिरोधक लिएको र घाउ चोटपटकको उपचार सेवा दिने गरिएको ओसिएमसी फोकल पर्सन थापाले बताउनुभयो । यस्तै यौनरोग उपचार, सुरक्षित गर्भपतन तथा प्रसूति सेवा, मानसिक रोग उपचार र अन्य परामर्श सेवा पनि हिंसापीडितलाई ओसिएमसीबाट दिने गरिएको छ । यसको सेवाको प्रसारका लागि सुर्खेतका अन्य चार वटा पालिकामा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबारे अभिमुखीकरण गरिएको छ । महिला कानुन र विकास मञ्चका अधिवक्ता नवीन श्रेष्ठले हिंसा प्रभावितका लागि ओसिएमसीले विगतको तुलनामा प्रभावकारी काम गरिरहेको पाइएको बताउनुभयो । उहाँले अझै पनि हिंसा प्रभावितलाई सहज सेवा दिन आवश्यक रहेको भन्दै त्यसका लागि सरोकारवाला पक्षबिच समन्वयको आवश्यकता रहेको उल्लेख गर्नुभयो । यस्तै आइपास नेपालका निर्देशक जगदीश घिमिरेले हिंसा प्रभावितलाई एकै ठाउँबाट सबै सेवा दिने उद्देश्यले थालिएको ओसिएमसी सेवाको व्यापक प्रसारको खाँचो रहेको बताउनुभयो ।

गाउँपालिका द्धारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

महावै गाउँपालिका
कालिकोट

सोरु गाउँपालिका
मुगु

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके